फोन नं. : ०७६-५६०२०१

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
लुम्बिनी प्रदेश,नेपाल

प.सं. : ०८१/०८२ राजश्व शाखा मिति २०८१/०४/०८

चलानी नं.

**बिषय :- सुचना टांस गरी जानकारी पठाई दिनु हुन ।**

श्री जिल्ला प्रशासन कार्यालय
कपिलबस्तु
श्री मालपोत कार्यालय
कपिलबस्तु
श्री ६ नं.वडा कार्यालय
सेमरी , कपिलबस्तु

श्री जिल्ला समन्वय समितिको कार्यालय
कपिलबस्तु
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
कपिलबस्तु
श्री ८ नं.वडा कार्यालय
दोहनी , कपिलबस्तु

उपर्युक्त सम्बन्धमा कपिलबस्तु नगरपालिकाबाट मिति २०८१/०४/०८ गते कपिलबस्तु नगरपालिका वार्ड नं.६ र ८ मा रहेको माछा पोखरीमा माछा पालन गर्नका लागी ठेक्का सम्बन्धी प्रकाशित सुचना पाना १ (एक) यसै पत्र साथ संलग्न राखी पठाईएको छ ।

उक्त सुचना ताहां कार्यालयको सुचना पाटीमा टांस गरी दिनु भई सोको जानकारी पठाई दिनु हुन अनुरोध छ ।

..........................

फोन नं. : ०७६-५६०२०१

# कपिलवस्तु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
लुम्बिनी प्रदेश,नेपाल

प.सं. : ०८१/०८२ राजश्व शाखा                मिति : २०८१/०४/०८

प्रथम पटक प्रकाशित मिति २०८१/०४/०८

## राजश्व ठेक्का

सुचना । सुचना ॥ सुचना ॥।

डाक बढाबढ हुने स्थान :-कपिलबस्तु नगरपालिका कार्यालयमा

कपिलबस्तु नगरपालिका अन्तर्गत वडा नं.६ माछा पोखरीमा माछा पालन गर्नलाई ठेक्कामा दिनु पर्ने भएकोले तपसील अनुसार तपसीलको मिति र स्थानमा डाक बढाबढ हुने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

## तपसील

| क. सं. | वडा नं. | मौजा | पोखरी संख्या | गाउको नाम | ठेक्का अवधी | न्यूनतम डांक अंक | डाक बढाबढ हुने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| राजश्व ठेक्का नं ६।०८१।०८२ | ६ | सेमरी गांउको माछा पोखरी | १ | सेमरी | २०८१ साल श्रावण २०८६ अषाढ मसान्त सम्म | २,०३,५००/ (दुई लाख तीन हजार पांच सय मात्र) | २०८१/०४/२३ गते दिनको २:०० बजे देखि |
| राजश्व ठेक्का नं ७।०८१।०८२ | ६ | बरदहवा ताल माछा पोखरी | १ | रुधौला | २०८१ साल श्रावण २०८६ अषाढ मसान्त सम्म | ४४,०००/ (चौवालिस हजार मात्र) | २०८१/०४/२३ गते दिनको २:०० बजे देखि म |
| राजश्व ठेक्का नं ८।०८१।०८२ | ८ | पश्चिम मैनिहवा गांउको माछा पोखरी | १ | मैनिहवा | २०८१ साल श्रावण २०८६ अषाढ मसान्त सम्म | ५०,०००/ ( हजार मात्र) | २०८१/०४/२४ गते दिनको २:०० बजे देखि |

.....................................

फोन नं. : ०७६-५६०२०१

# कपिलवस्तु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## तौलिहवा, कपिलवस्तु
## लुम्बिनी प्रदेश, नेपाल
२०७३

प.सं. : ०८१/०८२ राजश्व शाखा

मिति : २०८१/०४/०८

---

## राजश्व ठेक्का

सुचना । सुचना ॥ सुचना ॥।

### शर्तहरु

१। डाक बढाबढ गर्ने व्यक्तिले सेमरी र रुधौलाको मिति २०८१/०४/२३ गते र मैनिहवाको मिति २०८१/०४/२४ गते १२:०० बजे भित्र डाक बढाबढ गर्छु भनि निबेदन कपिलबस्तु नगरपालिका कायृलयमा दर्ता गराउनु पर्ने छ । निबेदन दर्ता नभएमा डाक बढाबढमा सहभागी हुन पाइने छैन ।

२। एक व्यक्तिले ३ पटक सम्म बोल्न पाइने छ । सो भन्दा बढी बोल्न पाइने छैन ।

३। डाक बोलेको अन्तर कर्मचारीले १,,२,,३ बोल्नु भन्दा पहिले नै अर्को व्यक्तिले डाक तुरुन्त बोल्नु पर्नेछ । नबोलेमा अर्को व्यक्तिको पालो आउछ र डाकको बोली अन्तिम भएको अवस्थामा सब भन्दा बढी डाकअंक नै सदर हुने छ ।

४। ठेक्का अवधी तपसीलमा उल्लेख भए अनुसार हुनेछ ।

५। डांक बढाबढ गरी कबोल गरेको ठेक रकमको पहिलो किस्ता सम्झौता गर्नु पुर्व बुझाउनु पर्नेछ साथै बांकी किस्ताको लागी यस कार्यालयलाई मान्य हुने गरी बैङ्क ग्यारेण्टी वा धनजमानी लिखित रुपमा पेश हुन आए पछि मात्र ठेक्का सम्झौता गरी पट्टा (भोग चलन) गर्न पाईनेछ ।

६। माछा पोखरीको पानी कृषि कार्यको लागि आवश्यक भएमा पोखरीको बीचमा ५ (पांच फिट) सम्म कायम राखी सो भन्दा माथीको हकमा रोक्का गर्न पाईने छैन ।

७। गाई बस्तु तथा अन्य चौपाया आदिलाई पानी खाना दिनु पर्नेछ ।

८। पोखरीको सरसफाई, मर्मत सुधार ठेकेदार आफैले गर्नु पर्नेछ ।

९। माछा पोखरी ठेक्का सम्बन्धमा कुनै बाद बिबाद पर्न गएमा कार्यालयले गरेको निर्णय अन्तिम भई मान्य हुनेछ ।

१०। माछा पोखरीको वातावरण प्रतिकुल प्रभाव पर्ने कुनै कार्य गर्न पाईने छैन र माछाको रेखदेख, सुरक्षा, संरक्षण ठेकेदार आफैले गर्नु पर्नेछ ।

११। कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनहा तथा कुनै किसिमको छुट पनि दिईने छैन ।

१२। ठेक्का अवधी भित्र जुनसुकै आर्थिक बर्षमा एक पटक मात्र पोखरी मर्मतको लागी फाल्गुन देखि जेष्ठ सम्म नगरपालिकाले सूचना दिएमा पोखरी खाली गर्नु पर्नेछ । ४ (चार) महिनाको लागी मर्मत कार्यलाई ध्यानमा राखी सोही अनुसार न्युनतम मुल्यांकन कायम गरिएको हुदा यस कार्यबाट कुनै बाधा उत्पन्न भएको भनि ठेक्का अंक मिन्हा गर्न नगरपालिका बाध्य हुने छैन ।

१३। यसमा लेखिएका जति शर्तहरु यसै बमोजिम हुनेछ । यसमा कुनै कुरा छुट हुन गएको भए छुट भएको जति मात्र प्रचलित कानुन बमोजिम हुनेछ ।